जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक २१७ २०७७ साल असार ६ गते शनिबार (20 June 2020 Saturday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिबाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

यस अंक भित्र : २ पृष्ठमा : धर्तीपुत्रका भावनाबाट... ३ पृष्ठमा : कालापानीबाट सैनिक ... ३ पृष्ठमा :कोरोना भाइरसबाट विश्वमा ४ लाख..

# सर्पदंशबाट दुई दिनमा दुईको मृत्यु, चार घाइते



**दैनिक समाचारदाता राजविराज, ५ असार ।**

कोरोना संक्रमणसँगै सप्तरीमा सर्पदंशको घटनामा पनि बृद्धि भएको छ । दुई दिन यता सर्पको डसाईबाट दुई महिलाको मृत्यु भएको छ भने शुक्रबार एकै दिन दुई महिलासहित चार जना सर्पको डसाईमा परेका छन् ।

उनीहरु सबैको राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ ।

बिहीबार जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका बनरझुल्ला टोलकी १९ वर्षिया कंचनकुमारी रायको सर्पदंशबाट मृत्यु भएको थियो ।

शुक्रबार भने सर्पले डसेर भर्ना भएकी राजविराज नगरपालिका ९ मलेठ की ४० वर्षिया सरस्वती मेहताको उपचारको क्रममा मृत्यु भएको हो ।

यस्तै शुक्रबारै सर्पले डसेर उपचारका लागि भर्ना हुनेहरुमा राजविराज नगरपालिका ११ की पुष्पा मण्डल, राजगढ गाउँपालिका ३ की प्रमिला यादव, डाक्नेश्वरी नगरपालिका ७ का रामकुमार मण्डल र अग्निसाइर कृष्णासवरण गाउँपालिका ३ का महिनारायण चौधरी छन् ।

अस्पतालका मेडिकल सुरपरिटेन्डेन्ट डा. रन्जित झाले उनीहरुको अवस्था खतरामुक्त रहेको बताउँदै सर्पदंशको घटना ह्वातै बढेपछि अस्पतालमा एन्टी स्नेकभेनम नामक औषधी स्टक गरिएको जानकारी दिए ।

NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु

- कसैको ज्यान मारेमा जन्मकैदसम्मको सजाय हुने,
- इजाजत प्राप्त नगरेको व्यक्तिले इलाज गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँम्म जरिबाना हुने तर त्यसरी इलाज गर्दा ज्यान मरेमा जन्मकैद र अंगभंग भएमा पन्ध्र वर्षसम्म कैद हुने,
- मञ्जुरी विना मानव शरीरमा कुनै परीक्षण गर्नेलाई तीन बर्षसम्म कैद र तिस हजार रुपैयाँम्म जरिबाना हुने तर त्यसरी परीक्षण गर्दा ज्यान मरेमा, ज्यान मारे सरह र अंगभंग भएमा अंगभंग भए सरह सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिबाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिबाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिबाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

जनज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

iPay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

## सम्पादकीय

### मलखादको अभावले खेतीमा असर पुग्ने सम्भावना

कोरोना भाइरसको त्रासले मुलुक विभिन्न समस्याले गुज्रिरहेको अवस्थामा अहिले किसानहरुलाई खेती गर्न समेत धौं धौं भइरहेको छ । कोरोनाको कहरले झण्डै तीन महिना लकडाउन भएको नेपालमा असार महिना लाग्ने बित्तिकै खेती गर्न किसानहरु लागिपरेका छन् । जलश्रोतको धनी भनिने नेपालमा खेती गर्न सिचाईको उचित व्यवस्था हुन सकेको छैन् । नेपालमा आकाशे पानीकै भरमा खेती हुने गरेको छ । यी विधमान समस्या हुँदा हुँदै दशकौंदेखी किसानहरुले भोगिरहेको अर्को समस्या हो मलखादको ।

सरकारले मलखादको आपूर्ती गर्न नसक्दा किसानहरु सोझै मारमा पर्ने गरेका छन् । सरकारले खेती गर्न चाहिने मलखादको व्यवस्था गर्न नसक्दा यहाँका किसानहरु भारतीय मलखादको भरमा खेती गर्न बाध्य हुने गरेका छन् । अहिले कोरोनाका कारण भारतीय नाकाहरु बन्द रहेको बेला नेपालमा पाइने मलखाद सरकारी मुल्य भन्दा दोब्बरमा पनि पाउन सकिरहेका छैनन् । यता कालाबजारी गर्नेहरुले सरकारी कर्मचारीको मिलोमतोमा सरकारी मलखाद आफ्नो गोदाम भरिरहेका छन् । सोही मलखाद ती गरिब किसानहरुले अहिले बढी मुल्य तिरेर पनि पाउने अवस्था छैन् ।

तसर्थ सरकारले यस्ता समस्याको समाधान गरेर कालाबजारी गर्नेहरुलाई कानुनी दायरामा ल्याएर कारवाही गर्न अग्रसरता देखाउनु जरुरी छ । होइन् भने मलखादकै अभावले आउने दिनमा कृषी उत्पादनमा कमी आउने कुरामा दुइमत नहोला ।

# भारत-चीन विवादमा नेपालको भुमिका



**अमरनाथ मण्डल**

अहिले भारत र चीनको बीच चर्काचर्की चलिरहेको सन्दर्भ लिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा चर्चा पाईरहेको देखिन्छ । भारत र चिनको सिमाना विवाद लिएर सिमामा भारत र चिनका सैनिकहरुको बीच भएका झडपका कारण भारतमा दुई दर्जन भन्दा बढी सैनिकहरुको मृत्यु भएको छ भने चीन तिरको क्षति सार्वजनिक भएको छैन । तसर्थ अहिले सम्पूर्ण विश्वको हेर्ने दृष्टिकोण चीन र भारतको विवाद तथा युद्धहरुतिर रहेको छ । जानकारहरु बताउँछन्, चीन र भारतको आपसी सम्बन्धमा चिसोको अवस्था पहिले देखि नै रहेको सन्दर्भ लिएर अहिले सिमा विवाद चरम उत्सर्गमा पुगेकाले भारत र चीनको हरेक क्षेत्रहरुमा एक अर्का देशहरु प्रतिको विवादहरु बढेर गईरहेका छन् ।

भारतमा चीनको व्यापारी केन्द्र बढिरहेकोले भारतीय बजारहरुमा चीनको उत्पादित वस्तुहरुको बजारहरु वर्षौ देखि पाई रहेको देखिन्छ । दुई देशको बीच व्यापारी केन्द्रको समझदारी र अवधारणाहरु वर्षौं देखि रहेको देखिएको छ । तर केही दिन यता देखि पाकिस्तानसँग चीनको सम्बन्धमा व्यापक सुधार भएपछि भारतको हेर्ने दृष्टिकोण चीन प्रतिको बदलिएर गएको स्पष्ट रुपमा देखिन्थ्यो । पाकिस्तानी उग्रवादी संगठनहरुले भारत माथि समय समयमा गरिरहेका आक्रमणहरुको परिवेशमा भारत र पाकिस्तानको सम्बन्ध वर्षौं देखि शत्रुतापूर्वक रहेको देखिएको छ । भारत र पाकिस्तानको विवादले गर्दा चीन पाकिस्तानमा आफ्ना व्यापारी केन्द्रहरुको स्थापना गर्ने क्रममा पाकिस्तानसँग सम्बन्ध बन्दै गईरहेको अवस्थामा भारतले चीनलाई पनि पाकिस्तानको जस्तो हेरिरहेको अवस्था देखिन्थ्यो ।

अमेरिकासँग भारतको सम्बन्ध राम्रो हुँदै जाँदा चीनसँग सम्बन्ध बिग्रिदै गईरहेको जानकारहरुले बताउँछन् । परराष्ट्र विज्ञहरु अनुसार पाकिस्तान र चीनसँग भारतको शत्रुता पहिले देखि रहेको अवस्थामा केही दिन यता देखि चीनको प्रमुख व्यापारी केन्द्र भारत रहेकोले भारतसँग सम्बन्धहरुमा सुधार गर्ने तिर चीन र भारत विगतका दिनहरुमा प्रयासरत थिए । केही दिन पहिले चीनका राष्ट्रपति भारत भ्रमणमा आएपछि भारतमा भव्य स्वागत भएका थिए । त्यसबेला भारत र चीनी भाई-भाई भने जस्तो नाराहरु समेत लगाएका थिए ।

पाकिस्तानको सवालमा विदेश नीतिहरुमा सधैं चीनले पाकिस्तानलाई सहयोग र समर्थन गर्दै आएका थिए । यसै कारण पाकिस्तान र चीन पनि आफ्नो शत्रु हो भने जस्तो भारतलाई आशंकाको मनस्थितिमा उपजको सिर्जना भएका थिए । भारत र चीनको सिमा विवादले सिमामा मारिएका भारतीय सैनिकहरुको अन्त्येष्टिको सन्दर्भमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय सेनाको त्याग तथा बलिदान खेर नजाने जस्ता दिएका अभिव्यक्तिले भारत र चीनको बीच विवाद झन् चर्केको साथै भोलीका दिनमा भारतले चीन माथि सैनिक कारवाही गर्ने शंका गरिरहेका छन् ।

भारतका विदेश मन्त्रालय अनुसार भारतीय सैनिक माथि प्रहार भएको चीनको सुनियोजित षड्यन्त्र रहेको सञ्चार माध्यमहरुमा विदेश मन्त्रालयबाट जारी विज्ञप्तीमा उल्लेख गरिएको छ । त्यस्तै चीनले पनि भारतको मानसिकता राम्रो नरहेको कारणले गर्दा यस्तो विवादको सिर्जना भएको विवाद स्पद अभिव्यक्ति दिइरहेका छन् भने भारतमा चीनका व्यापारी केन्द्रहरुलाई अनुमति पत्रहरु भारतीय सरकारले धमाधम खारेज गर्ने प्रक्रियालाई अगाडी बढाएकोले दुई देशको बीच विवाद झन् चर्कने शंकाहरु हुने अवस्था छन् ।

चीन र भारतको विवाद सँगै नेपालको भुमिकामा पनि कुराहरु उठिरहेको छ । नेपालले आफ्नो देशको भु-भाग भारतले मिचेको तथा नेपालको भुमि भारतीय नक्सामा समेटेको कारणहरुले गर्दा केही दिन देखि नेपाल र भारत बीच मनमोटाव सिर्जना भएका छन् । यसै अनुरुप नेपालले पनि निशान छापको नक्सा सहितको नेपालको नक्सा कालापानी र लिम्पियाधुरा तथा अन्य क्षेत्रहरुलाई सम्टी नक्सा तयार गरी प्रतिनिधि सभा तथा राष्ट्रिय सभाबाट पारित गरी कालापानीका भु-भागहरु पूर्ण रुपमा नेपाल रहेको नक्सा पारित गराएको सो नक्साले संवैधानिक प्रक्रिया पुगिसकेका छन् । अब कालापानीको सन्दर्भमा भारतले पनि आफ्नो नक्सामा पनि सम्टेको तथा नेपालले पनि आफ्नो नक्सामा समटेका नेपाल र भारतको सिमा विवाद चर्किएका छन् ।

नेपाल र भारतको सम्बन्ध वर्षौं देखि रहेको अवस्थामा यो सम्बन्धलाई पूर्ण रुपमा सक्रियताको साथ अगाडी बढाउने नेपाल र भारत दुवै देशका राजनेताहरुको गहन रुपमा सोच र चिन्तनको साथ पुर्खौं देखि निभएका सम्बन्धहरुलाई कुनै किसिमको विवादमा नपार्न दुवै पक्षको अहम् भुमिका खेल्नुपर्ने अवस्था देखिन्छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी सधैं नेपाल प्रतिको भावनालाई सम्मान गरिएको देखिएको अवस्थामा कालापानीमा नेपालको भु-भागलाई स-सम्मान वार्ताको माध्यमबाट भारतीय पक्ष आफ्नो नक्साबाट हटाई नेपालको भु-भागलाई नेपालको नक्सामा आधारित रहेका नेपाली जग्गाहरु नेपालको हो भने एउटा नेपालको ठूलो दाजुको हैसियतले उदारता देखाउनुपर्ने बेला रहेको छ । त्यस्तै नेपालले पनि अहिलेसम्म गरेका वार्ताका उपायहरुलाई सक्रियताको साथमा निराशको वातावरण नसिर्जना गरी अझै भारतसँगको सिमा विवादमा वार्ताको प्रक्रियालाई निरन्तर चालु राख्नुपर्ने देखिन्छ । नेपालका शिर्ष नेताहरु भारतीय शिर्ष नेताहरुसँग स्वहार्दपूर्ण वातावरणहरुमा नेपाल र भारतका विगतका इतिहासहरुलाई साक्षी राखी वार्ता माध्यमबाट सिमा विवादको निदान खोज्नुपर्ने अवस्था सिर्जना गर्नुपर्छ । राणाशासन देखि लिएर पञ्चायत तथा गणतन्त्रसम्म नेपालको परिवेशमा नेपाल भारतको सम्बन्ध इतिहासिक रहेको सन्दर्भ लिएर हाम्रा पुर्खाले नेपाल र भारतको नङ्ग र मासुको सम्बन्ध तथा वैवाहिक, धार्मिक, साँस्कृतिक समेतको सम्बन्ध नेपाल भारतसँग रहेकोले यस्तो सम्बन्धलाई नबिग्रार्न तथा वार्ता माध्यमबाट समाधानको निकास खोज्नुपर्ने अवस्था देखिन्छ ।

भारतको स्वतन्त्रता संग्राममा नेपालका योद्धाहरुले देखाएका भुमिका तथा नेपालका प्रजातन्त्र र गणतन्त्र आन्दोलनमा भारतीयले देखाएका योगदानहरुको स्मरण नेपालका विकासीय गतिविधिहरुमा भारतीय पक्षको योगदान तथा भारतीय क्षेत्रहरुमा नेपाली पक्षको योगदान सधैं स्मरण गर्ने अवस्था रहेको छ । भारत र चीनको विवादमा नपरी नेपाल एउटा स्वतन्त्र र भुपरिवेष्ट राष्ट्र भएकोले भारत र चीनसँग बराबरको सम्बन्ध राख्नुपर्ने नेपालको वर्षौं देखि चलिरहेका नितीहरुलाई यथावत राखी भारतसँग सिमाको विवादमा वार्ताबाट समाधान खोजी हतार नगरी निकासको खोजीतिर हामीलाई उन्मुख हुनुपर्ने बेला रहेको छ । भारतले पनि नेपालको हितमा सधैं अगाडी आफूलाई राख्ने गरेको सन्दर्भ लिएर नेपालका जग्गालाई स-सम्मान नेपाललाई वार्ताको माध्यमबाट फिर्ता गर्नुपर्ने अवस्था देखिन्छ । यसमा भारतीय पक्षको प्रतिबद्धताको भुमिका खेल्नुपर्ने अवस्था रहेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan) NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# जनकपुर-जयनगर रेलमार्ग सञ्चालनको तयारी

काठमाडौं, ५ असार (रासस) ।

बन्दाबन्दीले अन्तिम चौमासिकमा सबै पूर्वाधार निर्माणलाई बाधा पुऱ्याए पनि रेलमार्ग निर्माण लक्ष्यभन्दा बढी सम्पन्न भएको छ । चालु आवमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले ६० किमी रेलमार्ग निर्माण गर्ने लक्ष्य राखेकामा हालसम्म झण्डै ६२ किमी सम्पन्न भइसकेको जनाएको छ ।

कुर्था-जयनगर रेलमार्गअन्तर्गत जनकपुर-बिजुरापुरा खण्ड, पूर्व-पश्चिम रेलमार्ग र विराटनगर-बथनाहा रेलमार्गका विभिन्न खण्डमा निर्माण जारी रहेको विभागका महानिर्देशक बलराम मिश्रले बताउनुभयो । कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि सरकारले बन्दाबन्दी जारी राखे पनि विभागले निर्माणलाई निरन्तरता दिएको छ । विभागले रेलमार्ग निर्माणलाई बन्दाबन्दीको समयमा समेत जारी राखेको छ । उहाँले भन्नुभयो, "बन्दाबन्दीका कारण केही दिन रोकिए पनि त्यसपछि काम भइरहेको छ ।"

बर्दिबास-निजगढ खण्डमा पर्ने रौतहटको सन्तपुर क्षेत्रमा ट्र्याक बेड तथा सोमा पर्ने मुख्य र सहायक संरचनाको काम भइरहेको छ । नेपाली लगानीमा निर्माणाधीन सो रेलमार्ग निर्माण नेपाली निर्माण व्यवसायीले नै गरिरहेका छन् । लालबन्दी-निजगढ खण्डलाई विभिन्न आठ प्याकेजमा विभाजन गरिएको छ । सामाजिक दूरी कायम गरेर जिल्ला प्रशासन कार्यालयहरूको समन्वयमा निर्माण अघि बढाइएको हो ।

विभागका अनुसार जनकपुर-विजुरापुरा खण्डमा रेल्वे ट्र्याकको काम भइरहेको छ । जयनगर-जनकपुर सम्पन्न भएर सञ्चालनको तयारी हुँदा जनकपुरबाट बिजुरापुरासम्मको ट्र्याक निर्माण भइरहेको छ । जनकपुर-जयनगर रेलमार्ग सञ्चालनको तयारी भइरहेको जनाइएको छ । यसका लागि रेल्वे कम्पनीमार्फत रेल सञ्चालनका लागि सरकारले कर्मचारी व्यवस्थापन अघि बढाएको छ । दुई रेल सेट सीमा नजीकै आइसकेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "रेल सेट आइसकेको छ अब मात्रै हामीले कर्मचारी व्यवस्थापन गर्न बाँकी छ ।"

राष्ट्रिय गौरवको पूर्व-पश्चिम रेलमार्गमा अध्ययन तथा मुआब्जा वितरणसँगै रेलमार्ग निर्माणको भइरहेको उहाँले जानकारी दिनुभयो । विभिन्न स्थानमा पुल निर्माणको काम भइरहेको छ । सो रेलमार्गअन्तर्गत बर्दिवासमा पुल निर्माण भइरहेको छ । काँकडभिट्टा इनरुवा खण्डमा आगामी आवमा ठेक्का सम्भौता

बाँकी अन्तिम पृष्ठमा

# चेतनामा आधारित वैदिक शिक्षा प्रवर्द्धन गरिँदै

**पूर्णप्रसाद मिश्र**
काठमाडौं, ५ असार (रासस)।
गुरुकुल, सामुदायिक एवं संस्थागत विद्यालयलाई चेतनामा आधारित वैदिक शिक्षाको केन्द्रका रूपमा स्थापित गर्ने अभियान शुरुआत भएको छ। यसका लागि नेपाल महर्षि वैदिक फाउन्डेशनको आयोजनामा देशका मुख्य गुरुकुल एवं आधा दर्जन विद्यालयमा कार्यरत भावातीत ध्यान शिक्षक, गुरुकुल एवं विद्यालयमा स्थायी रूपमा कार्यरत शिक्षक गरी ९० जनालाई चेतनामा आधारित वैदिक शिक्षाको १६ दिने आधारभूत तालीम दिइएको छ।

सूचना प्रविधि जुमबाट दिइएको तालीमको समापन गर्दै फाउन्डेशनका अध्यक्ष दीपकप्रकाश बाँस्कोटाले चेतनामा आधारित शिक्षा विश्वव्यापी रूपमा वैदिक जागरण फैलाउनुभएका सन्त महर्षि महेश योगीको पूर्वीय दर्शनका १२ क्षेत्रका कार्यक्रममध्ये एक रहेको बताउनुभयो। "अन्य देशमा चेतनामा आधारित शिक्षा कार्यक्रममा विद्यार्थीको आकर्षण बढ्दो छ, नेपालमा पनि विसं २०७० देखि गुरुकुल र विद्यालयमा यो कार्यक्रम शुरु भएको हो, अब यसलाई देशभर विस्तार गर्नेछौं, यो कार्यक्रमले देशमा हत्या-हिंसा अन्त्य गरी शान्ति र समृद्धितिर लैजान सहयोग गर्नेछ", उहाँले भन्नुभयो।

विश्वव्यापी वैदिक अभियानका प्रणेता महर्षि महेश योगीको प्रेरणामा 'विश्व शान्ति राष्ट्रम्' स्थापना भएको छ। यसले विश्व शान्ति स्थापनाको सङ्कल्पले नेपाल, भारत, अमेरिका, स्विट्जरल्याण्डलगायत देशमा वैदिक रुद्राभिषेक महायज्ञ पनि सञ्चालन गरिरहेको छ।

महेश योगीले दिएको मार्गनिर्देशानुसार विश्व शान्ति राष्ट्रम्ले कानून, शिक्षा, स्वास्थ्य, कृषि, अर्थशास्त्र, प्रशासन, वास्तु, रक्षा, सञ्चार, सङ्गीत तथा कला, धर्म तथा संस्कृति र सर्वोत्कृष्ट नीतिका रूपमा राजनीतिशास्त्रमा काम गर्ने फाउन्डेशनले जनाएको छ।

समापन कार्यक्रममा विश्व शान्ति राष्ट्रम्को यज्ञ हेर्ने राजा लुइसले महर्षि योगीले 'विश्वमा वैदिक ज्ञानको नेतृत्व नेपालले गर्न सक्छ' भन्ने भनाइका आधारमा नेपालमा चेतनामा आधारित वैदिक शिक्षालाई विस्तार गर्न लागिएको बताउनुभयो। नेपालमा गुरुकुलका माध्यमबाट यसको अध्ययन अनुसन्धान गर्न लागिएको हो।

फाउन्डेशनका गुरुकुल निरीक्षक अभिमन्यु नेपालका अनुसार हाल देशभरका ८८ गुरुकुलमा चेतनामा आधारित वैदिक शिक्षासहित भावातीत ध्यान र ध्यान सिद्धि कार्यक्रम लागु भएको छ। यी गुरुकुलमा विश्व शान्तिको सङ्कल्पले वैदिक रुद्राभिषेकसमेत भइरहेको छ जसबाट विश्व शान्ति स्थापनामा सहयोग गर्ने आशा गरिएको छ।

विश्वव्यापी वैदिक अभियानको प्रशान्त तथा दक्षिण एसिया क्षेत्र हेर्नुहुने निर्देशक किङ्स्ली ब्रुक्सले नेपालमा कम्तीमा ४०० गुरुकुलमा १० हजार वैदिक पण्डितले विश्व शान्तिको सङ्कल्पले वैदिक यज्ञसहित चेतनामा आधारित शिक्षा लागू गर्न लागिएको बताउनुभयो। दक्षिणकाली नगरपालिका-१ चम्पादेवीमा गुरुकुलसहितको महाविद्यालय सञ्चालनका लागि भवन निर्माण अन्तिम चरणमा पुगेको उहाँले सुनाउनुभयो।

चम्पादेवीमा २७ रोपनी क्षेत्रफलमा हवन कुण्ड, वैदिक पण्डितलाई आवासीय रूपमा राख्ने व्यवस्थासहित पाँचवटा भवन तयार भएको छ। यहाँ प्रशासनिक भवनसहित तालीम केन्द्रसमेत रहने जनाइएको छ।

सो शिक्षा लागू भएका गुरुकुल एवं विद्यालयमा प्रमाणित ध्यान शिक्षकले दैनिक बिहान र बेलुका दुईपटक भावातीत ध्यानसहित ध्यान सिद्धि कार्यक्रम सञ्चालन गर्छन्। दिनमा दुईपटक २० मिनेट भावातीत ध्यान र २० मिनेट सिद्धि सूत्रको अभ्यास गर्दा विद्यार्थीमा नकारात्मक सोच हट्दै गएको, स्मरण शक्ति वृद्धि भएको, स्वास्थ्य राम्रो भई वार्षिक परीक्षामा पनि राम्रो परिणाम प्राप्त हुन थालेको भक्तपुरको सल्लाघारीस्थित सैनिक आवासीय महाविद्यालयमा कार्यरत ध्यान शिक्षिका पप्पीदेवी रेग्मीले बताउनुभयो।

सैनिक विद्यालयमा विसं २०७० देखि भावातीत ध्यानसहित चेतनामा आधारित वैदिक शिक्षाको कार्यक्रम शुरु भएको थियो। यसैगरी वसुन्धराको तिलिङ्गाटार माध्यमिक विद्यालय, भक्तपुरकै माउण्ट एभरेष्ट मावि, पोखराको सैनिक महाविद्यालय र दाङको ज्योतिष्मति विद्यापीठमा पनि सो शिक्षा लागू भएको छ। चालू शैक्षिक सत्रदेखि कागेश्वरी मनोहरा नगरपालिका-४ मा रहेको हिन्दू विद्यापीठ नेपालमा पनि सो कार्यक्रम लागू हुने कार्यक्रम नेपालका निर्देशक मीनराज अधिकारीले जानकारी दिनुभयो।

हाल विश्वमा ६५ देशका ८०० विद्यालयका करीब पाँच लाख विद्यार्थीमा सो शिक्षा लागू भएको उहाँले सुनाउनुभयो। नेपालमा सो शिक्षा लागू गर्न चाहने अन्य विद्यालयका शिक्षकलाई पनि तालीम दिइने तयारी भएको छ। १६ दिने आधारभूत तालीम दिएपछि अन्य तालीम पनि दिइने उहाँले बताउनुभयो।

सो शिक्षाको मुख्य आधार भावातीत ध्यान र सिद्धि कार्यक्रम हो। यसैगरी यसका चार आधारभूत तत्वमा चेतनाको पाठ्यक्रम, पूर्ण मानव क्षमताको ज्ञानको प्रकाशद्वारा अन्य विषयको अध्ययन, चेतनामा आधारित शिक्षण पद्धति र स्वस्थ, तनावमुक्त तालिका तथा वातावरण रहेका छन्।

# कोरोना प्रभाव : सञ्चार गृह र सञ्चारकर्मी दुवै मारमा

काठमाडौं, असार ५ (रासस)।
कोरोना महामारीले समग्र अर्थतन्त्र प्रभावित भएसँगै राष्ट्रियस्तरका ठूला सञ्चार गृह र कार्यरत सञ्चारकर्मी दुवै मारमा पर्न थालेका छन्।

ठूला सञ्चार गृहमा समेत पत्रकार तथा कर्मचारीलाई तलब नियमित नदिइएको र बेतलवी बिदा बस्न दबाब दिँदै जनशक्ति कटौती गर्न थालिएको पाइएपछि पत्रकारिता क्षेत्रमा एक प्रकारको मनोवैज्ञानिक त्रास पैदा भएको छ।

नियमित विज्ञापन, बिक्री र आम्दानी नभएको अवस्थामा राज्यबाट उचित राहत प्याकेज नपाइएको जनाउँदै सञ्चारगृहले क्रमशः तलब र कर्मचारी कटौती गरेको पाइएको छ। नेपाली पत्रकारहरूको छाता संस्था नेपाल पत्रकार महासङ्घ, श्रमजीवी पत्रकारको सुविधा सिफारिस तथा अनुगमन गर्ने नेपाल सरकारको निकाय न्यूनतम पारिश्रमिक निर्धारण समिति र प्रेस रजिष्ट्रारको काम गर्दै आएको सूचना तथा प्रसारण विभागमा उजुरी पर्न थालेका छन्। ठूला मिडियाका बारेमा तलब नियमित नदिइएको, नियुक्तिपत्र नदिइएको, श्रमजीवी पत्रकार ऐनबमोजिमका सुविधा नदिइएका उजुरी विगतमा पनि पर्ने गरेकामा कोरोना महामारीपछि वृद्धि भएका छन्।

पछिल्लो समयमा निजी क्षेत्रको स्थापित कान्तिपुर मिडिया ग्रुप मातहतको 'नारी' र 'नेपाल' पत्रिका, नेपाल रिपब्लिका मिडिया प्रालिको नागरिक र रिपब्लिका दैनिक, अन्नपूर्ण पोष्ट दैनिक, न्यूज २४ टेलिभिजन, एपीवान टेलिभिजन, हिमालय टेलिभिजन, माउन्टेन टेलिभिजन, नयाँ पत्रिका दैनिक, उज्यालो राष्ट्रिय नेटवर्क (रेडियो)मा कार्यरत पत्रकार तथा कर्मचारीले उजुरी दिएपछि महासङ्घ र समितिले श्रमजीवीको हित रक्षाका लागि पहल थालेको छ।

'नागरिक' दैनिकका पत्रकारले केन्द्रका पत्रकारको तीन महिना र जिल्ला समाचारदाताको १० महिनासम्मको तलब तथा पारिश्रमिक नपाएको भनी नौ जना पत्रकारले गत माघ १६ गते नेपाल रिपब्लिका मिडिया प्रालिका अध्यक्ष तथा प्रबन्ध निर्देशकलाई ध्यानाकर्षण गराएका थिए।

महासङ्घका अध्यक्ष गोविन्द आचार्यले विभिन्न १० सञ्चार गृहलाई उजुरीबारे सात दिनभित्र स्पष्ट जवाफ दिन यही असार ३ गते पत्र पठाइएको बताउनुभयो। समितिले पनि सोही दिन सातदिने अवधि तोकी कान्तिपुर मिडिया ग्रुपलाई पत्राचार गरेको छ।

अध्यक्ष आचार्यका अनुसार कोरोना सङ्कटपछिको स्थितिमा विभिन्न ५१ सञ्चारमाध्यममा सम्पर्क र २१ मा स्थलगत पुगी श्रमजीवी पत्रकारको अवस्थाबारे अध्ययन गरिएको र १० वटाका पत्रकारबाट लिखित उजुरी आएको छ। समितिले यही विषयमा पत्रकारिताका क्षेत्रका संस्थाका प्रतिनिधिसँग गरेको परामर्शमा अध्यक्ष आचार्यले भन्नुभयो, "एक साताभित्र बक्यौता तलब र कर्मचारी कटौतीबारे सम्बोधन नभए हामी दबाबमूलक र कानुनी उपचारको चरणमा प्रवेश गर्नेछौं। यस्तो स्थितिमा पत्रकारलाई आधा तलब दिन्छु वा बिदामा बस्न भन्नु गलत हो।"

समितिका अध्यक्ष राजेन्द्र अर्यालले पनि अहिले श्रमजीवी पत्रकारहरूको अवस्था दयनीय भएकाले कसरी समाधान गर्न सकिन्छ भनेर अध्ययन तथा अनुगमनका साथै सरोकार भएकाहरूसँग सघन छलफल प्रारम्भ गरिएको बताउनुभयो।

विभागका महानिर्देशक लेखनाथ शर्माले सञ्चारमाध्यमलाई उद्योगसरहको मान्यता दिई पुनः कर्जाअन्तर्गत सरल ऋण दिलाउने विषयमा सकारात्मकरूपमा पहल हुने जनाउँदै श्रमजीवी पत्रकारका गुनासासँग सम्बन्धित कागजात माग गर्दा सञ्चार गृहले नदिने गरेको जनाउनुभयो।

प्रेस सङ्गठन नेपालका केन्द्रीय सहसंयोजक गणेश बस्नेतले आफूहरूले वितगदेखि नै दिगोपनाका लागि सञ्चारमाध्यमहरूको एकता (मर्ज) जान सुझाएको उल्लेख गर्दै सञ्चार उद्यमीको अस्तित्व र श्रमजीवीको हक अधिकार दुवै सुनिश्चित गराउन एक उच्चस्तरीय समन्वय समिति गठन गरी आवश्यक काम गर्न आग्रह गर्नुभयो।

नेपाल प्रेस युनियनका अध्यक्ष बद्री सिग्देलले जटिल स्थितिका कारण कतिपय पत्रकारहरू बेरोजगार भई पेशाबाटै पलायन हुने खतरा आएको औँल्याउँदै संरक्षणका लागि राज्य गम्भीर हुनुपर्ने बताउनुभयो। उहाँले पत्रकारको हित रक्षाका साथ लगानीकर्ता पनि उकासिनुपर्ने तर सञ्चार क्षेत्रको आम्दानीलाई अन्य व्यापारमा लगानी गरिएको पाइए सैह्य नहुने उल्लेख गर्नुभयो।

सञ्चारिका समूहका अध्यक्ष नितु पण्डितले पत्रकार महिलाहरू पेशागत र परिवारको गरी दोहोरो जिम्मेवारीमा रहन बाध्य भएका

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### भारतमा एकैदिनमा १३ हजारभन्दा बढी सङ्क्रमित

नयाँदिल्ली, ५ असार (रासस/एएनआई)।
भारतमा शुक्रबार एकैदिनमा अहिलेसम्मकै सबैभन्दा धेरै सङ्क्रमित भएको विवरण सार्वजनिक भएको छ। सरकारी अधिकारीहरुले दिएको जानकारीअनुसार भारतमा पछिल्लो २४ घण्टामा कोरोनाभाइरसबाट १३ हजार ५८६ जना सङ्क्रमित भएका छन्। त्यसैगरी सोही अवधिमा कोरोना भाइरसका कारण ३३६ जनाको मृत्यु भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। देशभरी अहिलेसम्म कोरोनाभाइरसबाट कुल सङ्क्रमितको संख्या ३ लाख ८० हजार ५३२ पुगेको मन्त्रालयको तथ्यांक छ।

ती कुल सङ्क्रमित मध्ये एक लाख ६३ हजार २४८ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेका छन् भने अरु दुई लाख चार हजार ७११ जना सङ्क्रमणमुक्त भएका छन्। प्रदेशअनुसार हेर्दा भारतमा सबैभन्दा धेरै सङ्क्रमित महाराष्ट्र प्रदेशमा रहेका छन्। महाराष्ट्रमा अहिलेसम्म कुल एक लाख २० हजार ५०४ जना सङ्क्रमित भएका छन्। त्यसैगरी दोस्रो धेरै सङ्क्रमित रहेको तमिलनाडु प्रदेशमा ५२ हजार ३३४ जना र दिल्ली प्रदेशमा ४९ हजार ९७९ जना सङ्क्रमित भएका छन्।

### नाइजेरियामा बलात्कार विरुद्धको राष्ट्रिय अभियान चलाईने

लागोस, ५ असार (रासस/सिन्ह्वा)।
नाइजेरियामा बलात्कार तथा लैङ्गीक हिंसा विरुद्धको राष्ट्रिय अभियान शुरु गर्न लागिएको छ। सूचना तथा संस्कृति मन्त्री लाइ मोहम्मदले बिहीबार देशव्यापी अभियानको शुरुवात गर्न लागिएको जानकारी दिनुभएको हो। कोरोनाभाइरसका कारण उत्पन्न महामारीकै बेलामा पनि बलात्कार र लैङ्गीक हिंसा सम्बन्धी धेरै घटनाहरु भएकाले अभियान शुरु गर्नु परेको उहाँको भनाइ छ। यस्ता घटनाहरुलाई नियन्त्रण तथा न्युनिकरणका लागि धेरै क्रियाकलापहरु गर्ने सरकारले तयारी गरेको मन्त्री मोहम्मदले बताउनुभयो।

महामारी चलिरहेको यस अवस्थामा जनवरीदेखि मे महिनासम्मको अवधिमा ७१७ ओटा बलात्कारका घटना दर्ता भएको उहाँले जानकारी दिनुभयो। नाइजेरियाका प्रहरी प्रमुख मोहम्मद अडामुले पनि ७१७ ओटा बलात्कारका घटनामा संलग्न भएको आरोपमा ९७७ जनालाई पक्राउ गरिएको गत सोमबार नै सार्वजनिक गर्नुभएको थियो। सूचना मन्त्रीले भने अहिले शुरु गर्न लागिएको अभियान अन्तर्गत विषेश गरी हिंसा तथा बलात्कारजन्य घटना हुन नदिनका लागि चेतनामुलक कार्यक्रमहरु बढी गरिने जानकारी दिनुभयो। "अहिलेसम्मको विवरण हेर्दा प्रत्येक महिना औसतमा १४३ ओटा र दैनिक ५ ओटा यस्ता घटना हुने गरेको पाइएको छ, हामीले यसैका बारेमा छलफल गरिरहेका छौं," उहाँले भन्नुभयो। यस अभियानका लागि सूचना तथा संस्कृति मन्त्रालयले महिला मामिला मन्त्रालयसँग पनि सहकार्य गर्ने उहाँले जानकारी दिनुभयो।

### भारत सामान्य अवस्थामा फर्किंदैछ : प्रधानमन्त्री मोदी

नयाँदिल्ली, ५ असार (रासस/पिटिआई)।
भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भारत फेरि सामान्य अवस्थामा फर्किंदै गरेको बताउनुभएको छ। विभिन्न बस्तु तथा सेवाहरुको उपभोग तथा माग बढ्दै गएकाले जनजीवन सामान्य हुँदै गएको उहाँले बिहीबार बताउनुभएको हो। कोरोनाभाइरसको सङ्क्रमण फैलिन थालेपछि सरकारले लकडाउन घोषणा गरेकोले असामान्य बनेको जनजीवन अहिले सामान्य बन्न लागेको उहाँको भनाइ छ। उहाँले व्यापारिक तथा आर्थिक गतिविधिहरु पनि तीव्र गतिमा बढ्दै गइरहेको बताउनुभयो। लकडाउनका कारण उत्पादन, बिक्री, माग र उपभोग पनि घटेकोमा अहिले फेरि बढ्न थालेको प्रधानमन्त्री मोदीले जानकारी दिनुभयो। व्यवसायीक कोइला उद्योगको उद्घाटन गर्दै उहाँले भन्नुभयो, "पछिल्लो समयमा फेरि पनि उपभोग र माग बढ्दै गएको छ भने आर्थिक गतिविधि र जनजीवन पनि सामान्य हुँदै गएको छ।"

कोरोनाका कारण सिर्जित लकडाउनभन्दा पहिलाको जस्तै अवस्थामा पुग्न लागिसकेको पनि उहाँले दावी गर्नुभयो। प्रधानमन्त्री मोदीले श्रोताहरुलाई उद्धृत गर्दै बताए अनुसार विद्युत तथा पेट्रोलियम पदार्थको माग पनि पहिला जस्तै हुन थालिसकेको छ। "यी सङ्केतहरुले के प्रष्ट पार्दछन् भने आर्थिक गतिविधि तथा जनजीवन पहिलाको जस्तै हुन लागिसकेको छ, हामी पहिलाकै अवस्थामा फर्किंदैछौं," उहाँले भन्नुभयो। कोरोनाका कारण लकडाउन लगाउनु परेको र विगत केही समय ठूलो भारतको अर्थतन्त्रमा समस्या देखिएको तर वर्तमान सामान्य हुँदै गएको प्रधानमन्त्री मोदीको भनाइ थियो। भारतको प्रगति र बृद्धि सुनिश्चित भएको दावी गर्दै उहाँले भारतलाई आत्मनिर्भर बनाउने बताउनुभयो। "केही हप्तापछि हामीले एन ९५ मास्क, कोरोना टेष्ट किट्स, पिपिई, भेन्टीलेटरलगायतका सामग्रीहरु निर्यात गर्नेछौं," प्रधानमन्त्री मोदीले भन्नुभयो।

# सप्तरीमा एक बालकसहित थप ४ जनामा कोरोना संक्रमण

**दैनिक समाचारदाता**
**राजविराज, ५ असार ।**

सप्तरी जिल्लामा शुक्रबार एक बालक, एक महिला र दुई पुरुषसहित चारजनामा कोरोना संक्रमणको पुष्टि भएको छ। यससँगै सप्तरीमा कोरोना संक्रमितको संख्या १ सय ५४ पुगेको छ।

पछिल्लो पटक सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकी ५० बर्षिय महिला, सोही नगरपालिकाको ११ बर्षिय बालक र १६ बर्षिय किशोर तथा ४० बर्षिय पुरुषमा समेत कोरोना संक्रमण पुष्टि भएको छ।

यसअघि सप्तरीमा ५७ जना कोरोनाबाट निको भइ घर फर्किएको गजेन्द्र नारायण सिंह अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झाले जानकारी दिएका छन्।

यता शुक्रबार मुलुकभरी थप ४ सय २६ जनामा कोरोना संक्रमण देखिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार हालसम्म नेपालमा कोरोना संक्रमितको संख्या ८ हजार २ सय ७४ जना पुगेको छ।

शुक्रबार २ सय १६ जना डिस्चार्ज भएका छन् भने हालसम्म १ हजार ४ सय २ जना कोरोना संक्रमण निको भई डिस्चार्ज भएका छन्।

# झुण्डिएको अवस्थामा फेला परिन कविता

**दैनिक समाचारदाता**
**राजविराज, ५ असार ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ३ पोर्ताहाकी १८ वर्षिया कबिताकुमार राय आफ्नै घरमा झुण्डिएको अवस्थामा मृत फेला परेकी छिन्।
यो सँगै सप्तरीमा तीन महिनाको अवधीमा आत्महत्या गर्नेको संख्या ११ पुगेको प्रहरी तथ्याङ्कले देखाएको छ।

मृतकका बुबा जयप्रकाशले राती १० बजेतिर खाना खाएर कोठामा सुत्न गएकी छोरी बिहान झुण्डिएको अवस्थामा फेला परेपछि तत्कालै प्रहरीलाई खबर गरेको बताए। सुत्ने कोठामा साडीको पासो लगाई झुण्डिएको अवस्थामा उनको मृत शरीर शुक्रबार बिहान फेला परेको प्रहरीले जनाएको छ।

कबिताले आत्महत्या गरेको देखिएको जनाउँदै प्रहरीले उनको शव पोष्टमार्टमका लागि गजेन्द्रनारायण सिंह अस्पताल पुऱ्याइ आवश्यक अनुसन्धान भइरहेको जनाएको छ।

# राति १० बजेदेखि विहान ५ बजेसम्म हिँडडुलमा रोक

**दैनिक समाचारदाता**
**राजविराज, ५ असार ।**

गृह मन्त्रालयले शुक्रबार 'बन्दाबन्दीलाई व्यवस्थित गर्ने सम्बन्धी सुरक्षा मापदण्ड २०७७' जारि गर्दै अत्यावश्यक कामबाहेक राति १० बजेदेखि विहान ५ बजेसम्म हिँडडुलमा रोक लगाएको छ।

गृह मन्त्रालयले असार १ गतेदेखि बन्दाबन्दीको अवस्था क्रमिक रुपमा खुकुलो भएको अवस्थामा सुरक्षा सतर्कता अपनाउनको लागि यस्तो मापदण्ड तयार पारिएको जनाएको छ।

सोही मापदण्डले रातिको समयमा नागरिकलाई हिँडडुल गर्न कडाइ गर्ने व्यवस्था गरेको जनाएको छ। यता रातिको समयमा प्रहरीले भने अनुगमन गर्ने भनिएको छ।

त्यस्तै, विवाह, ब्रतबन्ध, मृत्यु संस्कारलगायतका कार्यमा पनि १५ जनाभन्दा बढी आगन्तुक भेला हुन निषेध गरिएको छ। उत्पादनमूलक क्रियाकलाप, उद्योग, भौतिक पूर्वाधार तथा विकास निर्माण लगायतमा एक स्थानमा एक पटकमा १० जनाभन्दा बढी भेला हुन नपाइने पनि भनिएको छ।

नेपालको संविधान तथा फौजदारी अपराध (संहिता) ऐन लगायत विद्यमान कानुनहरुले व्यक्ति, समुदाय, राज्य, लिंग, जाति, भाषा, धर्म, क्षेत्रको भावनामा आघात पुऱ्याउने गरी कुनै पनि प्रकारको भाषा, साहित्य, लेख, रचना, गीत, चलचित्र, भिडियो निर्माण, प्रकाशन तथा प्रशारण गर्नुलाई फौजदारी कसुर ठहर्ने हुँदा जान अन्जानमा त्यस्ता कसुर नगरौं/नगराऔं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

### *जनकपुर-जयनगर ...*

गरेर निर्माण अघि बढाइनेछ। रेलमार्गका कतिपय स्थानमा मुआब्जा बाँड्ने काम बाँकी छ। बर्दिवासलगायत जिल्लामा मुआब्जा बाँकी छ। उहाँले भन्नुभयो, "आगामी वर्ष थप काम अघि बढ्नेछ।"

बन्दाबन्दीको समयमा झण्डै चार सय जना निर्माणस्थलमा काम गरेको विभागले जनाएको छ। झण्डै १२ स्थानमा पुल निर्माण भइरहेको छ। कतिपय स्थानमा रूख कटानका काम पनि यो समयमा भइरहेको छ।

सरकारले रेलमार्ग निर्माणलाई विगतका वर्षदेखि नै महत्व दिइरहेको छ। स्थल यातायातको सबैभन्दा भरपर्दो र सस्तो साधनका रूपमा यसलाई लिइन्छ। सरकारले आगामी आवका लागि रेलमार्ग निर्माण र अध्ययनका लागि रु आठ अर्ब ६६ करोड विनियोजन गरेको छ। जयनगर-जनकपुर-बिजुरापुरासम्म आगामी आवमा रेल सञ्चालन गरिने भौतिक पूर्वाधारमन्त्री वसन्तकुमार नेम्वाङले हालै प्रतिनिधिसभामा सांसदहरूको प्रश्नको जवाफ दिनुभएको थियो। पूर्व-पश्चिम विद्युतीय रेलमार्गको अध्ययन नभएका स्थानमा सम्भाव्यता अध्ययन गरिने सरकारको नीति तथा कार्यक्रममा समेत उल्लेख छ। सोही रेलमार्गको कांकडभिट्टा-इनरुवा खण्डको निर्माण आगामी आवमा शुरु गरिनेछ। आगामी आवमा नै बर्दिवास-निजगढ खण्डको निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

रसुवागढी-काठमाडौँ र वीरगञ्ज-काठमाडौँ रेलमार्गको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गर्ने लक्ष्य लिइएको छ। त्यस्तै, दक्षिणी सीमा नाकाबाट पूर्व-पश्चिम विद्युतीय रेलमार्गको इटहरी, निजगढ, बुटवल र कोहलपुर जोड्ने रेल्वे लाइन पनि निर्माण अघि बढाइनेछ।

### *कोरोना प्रभाव : सञ्चार ...*

बेला श्रमको शोषण हुन नहुने बताउनुभयो। महासङ्घका केन्द्रीय सदस्य गोपाल बराइली, प्रतिष्ठान प्रदेशका अध्यक्ष शेखर अधिकारी, अनलाइन पत्रकार सङ्घका अध्यक्ष शिव सत्याल, पत्रकारहरू केशव अर्याल, सागर श्रेष्ठलगायतले सञ्चार क्षेत्रले सरकारबाट उचित राहत पाउनुपर्ने र श्रमजीवी पत्रकारको पेशागत सुरक्षाका सवाल पटक पटक उठाउन नपर्ने गरी निर्णायक पहल गर्न सुझाउनुभयो।

श्रमजीवी पत्रकार ऐन, २०५१ (पहिलो संशोधन २०६४) बमोजिम श्रमजीवी पत्रकारले पाउनुपर्ने कुनै सुविधा वा रकम सञ्चार प्रतिष्ठानबाट नपाएमा वा व्यवस्थापकले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम बमोजिमको कुनै काम नगर्दा कुनै श्रमजीवी पत्रकारलाई मर्का परेमा त्यस्तो श्रमजीवी पत्रकारले पैँतीस दिनभित्र प्रेस रजिष्ट्रारसमक्ष उजुरी गर्नसक्ने व्यवस्था छ। उजुरी मनासिब ठहरेमा प्रेस रजिष्ट्रारले उजुरवालाको मागबमोजिमको कुनै सुविधा वा रकम वा अन्य कार्य सम्बन्धित सञ्चार प्रतिष्ठानबाट दिन वा गर्न लगाई जानीजानी दिनुपर्ने सुविधा वा रकम नदिएको वा गर्नुपर्ने काम नगरेको देखिएमा त्यस्तो व्यवस्थापकलाई रु एक हजारदेखि दुई हजारसम्म जरिवाना गर्न सक्नेछ।

विभागले विसं २०७५ मङ्सिर १८ मा न्यूनतम् पारिश्रमिक कार्यान्वयन सम्बन्धमा २०७५ कात्तिक १ गतेदेखि २५ प्रतिशतसम्म वृद्धि गरिएको पारिश्रमिक लागू गर्न र बैंक खातामार्फत भुक्तानी दिन सबै सञ्चारमाध्यमलाई आग्रह गरेको थियो। सरकारी स्वामित्वका सञ्चारमाध्यमले उक्त निर्देशनलाई लागू गर्दै आएका छन्।

ऐनको परिभाषामा सञ्चार प्रतिष्ठानमा समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिङ्गर, समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेब डिजाइनर, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादक जस्ता पत्रकारिता पेशासँग सम्बन्धित व्यक्ति पनि पर्छन्।

स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!



के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ। यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस्।

सम्पर्क
स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३

नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।

यसबाट बच्ने उत्तम उपायहरु:

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

नोभल कोरोना भाईरस (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु →
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*